नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

# अग्रिम कर कट्टी वापत कर दावी सम्बन्धी अत्यन्त जरुरी सूचना

करदाताले आर्थिक वर्ष २०७७/७८ को आय विवरण पेश गर्ने क्रममा अग्रिम कर कट्टी गरिएको कर रकम अनुसूची १० मा स्वचालित रुपमा नआएको भन्ने विषयमा विभागको गम्भिर ध्यानाकर्षण भएको छ। अग्रिम कर कट्टी गरिएको कर रकम निम्न कारणले अनुसूची १० मा स्वचालित रुपमा नआएको हुन सक्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नुहुन सम्बन्धित सबै करदाताहरुमा जानकारी गराइन्छः

१ अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले आर्थिक वर्ष २०७७/७८ मा अग्रिम कर कट्टी गरी E-TDS Return पेश भएको र उक्त विवरणमा अवधि फरक उल्लेख गरेको (जस्तैः अघिल्लो आर्थिक वर्ष २०७६।७७ को अवधि उल्लेख गरेको, दुई आय वर्षको अवधि पर्ने गरी अवधि उल्लेख गरेको आदि) कारण अनुसूची १० मा नआएको हुन्छ। यसको लागि अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले E-TDS बुझाएको कार्यालयमा निवेदन दिई Verified e-TDS मा संशोधन गराउनु पर्नेछ ।

२ बुँदा नं. १ मा उल्लेख भएको अवस्थामा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले E-TDS मा संशोधन नगरी दिएको अवस्थामा अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) ले आफु दर्ता भएको कार्यालयमा निवेदन दिई अवधि मात्र संशोधन गराउन सक्नेछ ।

३ अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले E-TDS नगरी अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) को नाममा राजस्व भौचर बुझाएको तर अवधि फरक परेको (जस्तैः आर्थिक वर्ष २०७६/७७ को अवधि उल्लेख गरेको) वा स्थायी लेखा नम्बर उल्लेख नगरेको वा राजस्व शीर्षक फरक परेको कारण अनुसूची १० मा नआएको भए उक्त भौचर संशोधनको लागि कर बुझाएको कार्यालयमा निवेदन दिई भौचरमा संशोधन गराई आय वर्षलाई २०७७/७८ बनाउने, स्थायी लेखा नम्बर नभए सो नम्बर थप गर्ने र राजस्व शीर्षक संशोधन गर्नु परेमा सो समेत एकैपटक संशोधन गराउनु पर्नेछ ।

४ बुँदा नम्बर ३ मा उल्लेख भएको अवस्थामा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले भौचरमा संशोधन नगरेमा अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) ले आफु दर्ता भएको

कार्यालयमा प्रमाणसहित निवेदन दिनु पर्नेछ । कार्यालयबाट Credit Claim प्रविष्टी भएपछि मात्र आय विवरण पेश गर्नुपर्नेछ।

५ अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले एक वा विभिन्न व्यक्तिको कर एउटै भौचरमा दाखिला गरी सो भौचरमा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले आफ्नो स्थायी लेखा नम्बर उल्लेख गरेको अवस्थामा उक्त रकम कर कट्टी हुने व्यक्ति (Withholdee) को अनुसूची १० मा समावेश गर्न अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले नै E-TDS गरिदिनु पर्नेछ।

६ बुँदा नम्बर ५ मा उल्लेख भएको अवस्थामा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले E-TDS नगरी दिएमा कर कट्टी हुने व्यक्ति (Withholdee) ले आफु दर्ता भएको कार्यालयमा प्रमाणसहित निवेदन दिनु पर्नेछ। कार्यालयबाट Credit Claim प्रविष्टी भएपछि मात्र आय विवरण पेश गर्नुपर्नेछ।

७ बुँदा नम्बर ५ बमोजिमको अवस्थामा यदि उक्त भौचरमा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) को स्थायी लेखा नम्बर उल्लेख नगरी नाम मात्र उल्लेख गरी कर बुझाएको हकमा सो राजस्व भौचरको आधारमा अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) आफैले अग्रिम कर कट्टी गर्ने व्यक्तिको स्थायी लेखा नम्बर उल्लेख नगरी नाम मात्र उल्लेख गरी E-TDS विवरण भरी आफु दर्ता भएको आन्तरिक राजस्व कार्यालयबाट रुजु गराउन सक्नेछ।